जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : २** **संख्या : ७** **प्रमाणिकरण : २०७६।०६।०८**
**प्रकाशन मिति : २०७६।११।१२**

## भाग - २

## ठाकुरबाबा नगरपालिका

ठाकुरबाबा नगरपालिका विधायन समिति संचालन सम्बन्धि नियमावली, २०७६

ठाकुरबाबा नगरपालिका विधायन समिति संचालन सम्बन्धि नियमावली, २०७६

**प्रस्तावना**

ठाकुरबाबा नगरपालिकाको आयोजनामा विभिन्न समयमा संचालन हुने नगरसभा र सो सभामा प्रस्तुत गरिने विधयेक हरुलाई व्यवस्थित र मर्यादित रुपमा पेश गर्न र पारित गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ को अधिकार प्रयोग गरी यो नियामावली बनाइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस नियमावलीको नाम "ठाकुरबाबा नगरपालिकाको विधायन समिति संचालन सम्बन्धित नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली ठाकुरबाबा नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "नियमावली" भन्नाले नगरपालिकाको विधायन समिति संचालन नियमावली २०७६ लाई सम्झनु पर्दछ ।

(ख) "सदस्य" भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख, उप प्रमुख , वडा अध्यक्ष ,कार्यपालिका सदस्य र वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले विधायन समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिका लाई सम्झनु पर्दछ ।

(ङ) "नगर सभा" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ । यसले विशेष नगरसभा समेतलाई जनाउनेछ।

(च) "विधेयक" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगरसभामा पेश गर्न तयार भएको ऐन (कानुनको मस्यौदा) लाई सम्झनु पर्दछ ।

(छ) "विधायन समिति" भन्नाले ठाकुरबाबा नगरपालिकाको दफा २२ वमोजीम गठित समितिलाई सम्झनु पर्दछ

**३. समितिको गठनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ बमोजिम यस नगरपालिकाको नगरसभा प्रस्तुत गरिने ऐन , नियम , विनियम, नियामावली , निर्देशिका , कार्यविधि नीति तर्जुमा सम्बन्धि सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न समितिको गठन सम्बन्धी व्यवस्था गरेको छ । विधायन समितिमा नगरसभाका सदस्यहरु मध्ये १ जना संयोजक सहित ३ जना सदस्य रहने र समितिको सचिव ठाकुरबाबा पालिकाको कानुन शाखाको प्रमुख रहने व्यवस्था गरीएको छ । तर नगरसभाले चाहेमा विधायन समितिका सदस्यहरु परिवर्तन गर्न सक्नेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार**

क. ठाकुरबाबा नगरपालिकाको नगर सभा समक्ष पेश हुनका लागि विभिन्न समिति उपसमितिमा छलफल गरी यस विधायन समितिमा पेश हुन आएका मसौदाहरुलाई दफावार रूपमा छलफल गरी नगरपालिकाको कार्यपालिकामा र नगरसभा समक्ष पेश गर्न अन्तिम रुप दिने ।

ख. यस विधायन समितिलाई आवश्यक भएमा राय, परामर्श लिन सम्बन्धित विषय विज्ञसंग परामर्श गर्ने ।

ग. मस्यौदा तयारीका लागि आवश्यकता अनुसार उप समिति गठन गर्ने ।

**५. समितिको बैठकः**

क. समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

ख. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

ग. समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउने छन ।

**६. समितिको कार्यकालः**

यस समितिको कार्यकाल वर्तमान नगरसभाको सदस्यको कार्यकाल कायम रहेको अवधिसम्म कायम रहनेछ ।

**७. गणपुरक संख्याः** समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत रहनेछन ।

**८. विधेयक पेश गर्नेः** विधायन समितिमा छलफलको लागि प्राप्त भएका विधेयकहरु विधायन समितिमा दफावार रूपमा छलफल गरी नगर कार्यपालिकाको बैठकमा पेश गर्नेछन् ।

**९. बाधा अड्काउ फुकाउने अधिकारः**

यस नियामावलीको कार्यन्वयनमा कुनै बाधा अड्काउ पर्न आएमा नगरसभाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१०. परिमार्जन तथा संशोधनः** यो नियमावलीमा परिमार्जन एवं संशोधन गर्नुपर्ने भएमा यस विधायन समितिले परिमार्जन एवं संशोधन को प्रारूप तयार गरी सो पछि संचालन हुने नगरसभामा पेश गर्नेछ र नगरसभाले पारित गरेपछि परिमार्जन एवं संशोधन पारित भएको मानिने छ ।

<u>आज्ञाले</u>
रामहरि रिजाल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका विधायन समिति संचालन सम्बन्धि नियमावली, २०७६